# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

## प्रेस विज्ञप्ति

श्री प्रधान सम्पादक/सम्पादकज्यू

सरकारी छाप दस्तखत किर्ते मुद्धामा पक्राउ परेका प्रतिवादी काठमाडौं जिल्ला कागेश्वरी मनोहरा न.पा.-७ वस्ने रोहित भन्ने दिनेश खड्काको साथबाट बरामद भएको रकम रु. ४२५००००।- बयालिस लाख पचास हजार उपर अनुसन्धान हुँदा पक्राउ परेका प्रतिवादीले बरामदित रकमको स्रोत पुष्टि गर्न नसकी उक्त रकम सम्पत्ति शुद्धीकरण (मनि लाउण्ड्रिङ) निवारण ऐन, २०६४ को दफा ३ विपरीत आर्जन गरेको पुष्टि हुन आएकोले सोही रकम वीगो कायम गरी ऐनको दफा ३०(१) वमोजिम वमोजिम वीगोको दोब्वर जरिवाना तथा कसूरको मात्रा अनुसारको कैदको सजाय हुन र दफा ३४(१) वमोजिम बरामदित रकम जफत हुन समेत मागदावी लिई मिति २०७४/५/२५ मा विशेष अदालत काठमाडौं समक्ष अभियोग पत्र पेश गरिएको छ ।